"दिगो र तीव्र विकास चौकुनेको रहर, गुणस्तरीय शिक्षा र व्यावसायिक कृषिमा लहर"

चौकुने गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गुट्टु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
स्था: २०७३

पत्र संख्या :
चलानी नं. :

मिति २०८२।०९।२१

# सूचना ! सूचना !! सूचना !!!

## जो जस संग सम्बन्धित छ ।

प्रस्तुत विषयमा, यस चौकुने गाउँपालिकाको सुरक्षित नागरिक आवास कार्यक्रम (फुसको छानामुक्त कार्यक्रम) कार्यान्वयन सम्बन्धी कार्यविधि, २०८२ अनुसार सुरक्षित नागरिक आवास कार्यक्रममा सहभागी हुन इच्छुक व्यक्तिहरुले कार्यविधिमा तोकिए बमोजिम स्वघोषणा पत्र सहित निर्धारित दरखास्त/निवेदन पत्रको ढाँचामा फाराम भरी सुचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र आ-आफ्नो वडा कार्यालयमा पेश गर्नुहुन यसै सुचना मार्फत जानकारी गराइन्छ ।

**पेश गर्नुपर्ने कागजात:**

१.निवेदन पत्र ।

२.नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

३.घर भएको जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि ।

४.करचुक्ता प्रमाणपत्र(मालपोत वा सम्पती कर तिरेको रसिद) प्रतिलिपि ।

५.फुसको छाना भएको घर देखिने घरधनी सहितको रंगिन फोटो ।

६.कार्यविधि बमोजिमको स्वघोषणा पत्र ।

(पूर्ण बहादुर वि. क.)
प्रमुख प्रशासकीय अधिकृत

पूर्ण बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूचि-१
## कबुलियतनामा

चौकुने गाउँपालिका, वडा कार्यालय, वडा नं............(जसलाई यसपछि प्रथम पक्ष भनिनेछ) र चौकुने गाउँपालिका, वडा नं............. टोल/बस्ती/गाउँ.........................बस्ने श्री......................................(जसलाई यम पछि दोस्रो पक्ष भनिनेछ) दुवै बीच निम्न शर्तहरुको पूर्ण पालन गर्ने गरी दुबै पक्ष मन्जुर भई यो कबुलियतनामा पत्रमा सही गरी दियौ, लियौ ।

(क) दोस्रो पक्षले वडा कार्यालयमा आफु यस कार्यक्रममा सहभागी भई अनुदान सहायता प्राप्त गर्नु पर्ने कारण सहित घरको छानाको फोटो, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न राखि लागत सौझेदारिका आधारमा कार्यक्रममा सहभागि हुन निवेदन दिनु पर्नेछ।

(ख) पहिलो पक्षले दोस्रो पक्षलाई लागत अनुमानको विवरण उपलब्ध गराउनु पर्नेछ। लागत अनुमानमा उल्लेख भए बमोजिम कम्तिमा ०.३८ mm को रंगिन जस्तापाता र धुरीको हकमा सादा प्लेन जस्ता पाताको प्रयोग दोस्रो पक्षले गर्नु पर्नेछ।

(ग) पहिलो पक्षले दोस्रो पक्षलाई एक घरको लागिमात्र जस्तापाता छाउने गरी कार्यपालिकाले तोके बमोजिम निश्चित रकम उपलब्ध गराउने छ। यदि कुनै जालसाझी गरी झुटा विवरण पेश गरि कार्यकमको अनुचित लाभ लिएको प्रमाणित हुन आएमा गाउँपालिकाको अनुदान सहयोग सरकारी बाँकि सरह असुलउपर गरिनेछ।

(घ) दोस्रो पक्षले घर छाउने कार्य सम्पन्न गरी प्राविधिक जाँच गराई भुक्तानीका लागि बिल भरपाई सहित गाउँपालिकामा फाइल पेश गरि सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुने फाइल उपर कुनै कारवाही नहुने र पहिलो पक्ष भुक्तानीका लागि जिम्मेवार हुने छैन।

(ङ) कार्यालयबाट प्राप्त गर्ने नगद सहायता बाहेकको लागत अनुमान अनुसारको बाँकी रकम स्वयं लाभग्राहीले व्यहोर्नु पर्ने छ।

**उल्लिखित बमोजिम गर्न गराउन हामी दुवै पक्ष मजुर छौ ।**

**बुझिलिने घरमूली तथा व्यक्तिको नामः**          **हस्ताक्षरः**

**बुझाउने वडा कार्यालयको प्रतिनिधिको नामः**          **हस्ताक्षरः**

अनुसूची - ३

# चौकुने गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

## गुट्टु,सुर्खेत ।

## दरखास्त/निवेदन पत्र

मितिः २०८२/ /

श्री वडा अध्यक्ष ज्यू
श्री ....................नं वडा कार्यालय
............................................

विषयः जस्तापाता कार्यक्रम नामग्राही छनौट गरीपाउँ भन्ने बारे ।

महोदय,

प्रस्तुत विषयमा, सुर्खेत जिल्ला चौकुने गाउँपालिका वडा नं..................... बस्ने श्री ........................ नाति/नातिनी बुहारी श्री .............................. कि.............................. छोरा/छोरी/पत्नी श्री..............................देहायको विवरण स्वोघोषणा सहित फुसको छाना विस्थापन /व्यवस्थापन विवरण कार्यक्रम लाभग्राही छनौट गरीपाँउ भनी यो निबेदन पेश गरेको छु ।

देहायः

क) म र मेरो परिवारको सदस्यको नाममायसैसाथ फोटोमा पेश गरेको वाहेक अन्य घर छैन । ☐

ख) मेरो घर कोछाना................. खर/ढुङ्गा/ झिगटी/ स्याउला/पराल छाएको छ । ☐

ग) म र मेरो परिवारको कुनै पनी सदस्य सरकारी वा गैरसरकारी निकायबाट नियमित मासिक तलब भत्ता पाउनेगरी रोजगारीमा छैन ।☐

घ) यस अघि मैले कुनैपनी निकायबाट घर निर्माण र सुधार अनुदान लिएको छैन ।☐

ङ) मेरो परिवारको आर्थिक अवस्था कमजोर छ । ☐

च) अनुदान पाउनका लागि कार्यविधि विपरित कुनै जालपाझ वा झुटा विवरण पेश गरेको छैन । ☐

मैले पेश गरेका विवरण ठिक साँचो हो । झुटा ठहरिए कानुन बमोजिम सहुला बुझौंला ।

निवेदकः

नामः-

ठेगानाः-

सम्पर्क नः-

दस्तखतः